# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३] काठमाडौं चैत्र ३० गते २०१० साल [संख्या ३४

## भाग १

## क़ानून तथा संसदीय प्रबन्धमन्त्रालयको बिदाबारेको विज्ञप्ति

पत्र. सं. १८०६ मिति ०१०।१२।२३।२

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली-विराजमानमानोन्नत ओज स्विराजन्य प्रोज्ज्वलनेपालतारा ॐरामपट्ट, अतुलज्योतिर्मय त्रिशक्तिपट्ट, अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फिल्डमार्शल सर्वोच्च कमाण्डर—इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

मन्त्रिमण्डलको सल्लाहअनुसार हाजिर बिदाविषयमा देहायबमोजिम गर्ने सदर गरीबक्सेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुलुकी सवाल हाजिर बिदाबारेको
साबिक १० दफाको देहाय ७ दफा
खारेज गरी सोही १० दफाको
देहाय ७ दफा — — —

सदर मोफसलका निजामती अड्डा गैन्ह तातिल हुने दिन पर्व पर्वको बिदा, भै परी आउने बिदासमेत देहायमा लेखिएबमोजिमको बिदा पाउँछ । अड्डा तातिल हुने बिदाजतिमा अड्डा बन्द गरी आडिदिनू । अरू पर्व बिदा, भै परी आउने बिदामा निजामती सेक्रेटरी, हाकिम, अफिसरले दिनुपर्नेलाई दिनू । सेक्रेटरी, हाकिम, अफिसरलाई परेमा पनि बस्न हुन्छ । जाहेर गरिरहन पर्दैन. — ७

## सदर मोफसलका अड्डाले पाउने बिदा

### अड्डा तातिल हुने

श्री ५ महाराजाधिराजको जन्मोत्सव दिन एक — — १
हरएक शनिश्चरवार दिन — — — — —
वैशाख संक्रान्ति दिन एक — — — — — १
बौद्ध जयन्ती वैशाख शुदी पूर्णिमा दिन एक — — १
हरिशयनी एकादशी दिन एक — — — — — १
ऋषितर्पणी दिन एक — — — — — १
कृष्णाष्टमी दिन एक — — — — — — १
बडादशैं प्रतिपदादेखि पूर्णिमातक दिन १५ अदालत, स्कूल, कलेज, पाठशालालाई र अरूलाई घटस्थापना दिन १ र सप्तमीदेखि पूर्णिमा- तक दिन नौ — — — — — ९

मन्त्रालयहरूले लेखिएका बिदाभित्र पनि काम परेका बखत जैलेसुकै पनि हाजिर भई काम गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| तिहार लक्ष्मीपूजा, गोवर्धनपूजा, भाइपूजा दिन तीन | — — | ३ |
| हरिबोधनी एकादशी दिन एक | — — | —१ |
| श्रीपञ्चमी दिन एक | — — — | —१ |
| प्रजातन्त्र दिवस फाल्गुन ७ गतेका दिन एक | — | —१ |
| शिवरात्रि दिन एक | — — — | —१ |
| चैत्रदशैं दिन एक | — — — | —१ |
| रामनवमी दिन एक | -- — — | —१ |
| सूर्यग्रहण दिन एक | — — | —१ |

## ४ भन्ज्याङभित्र र बाहिर (सदर मोफसलमा) बेग्ला बेग्लै दिनमा पाउने बिदा——————

| | | |
|---|---|---|
| श्री ५ महाराजाधिराजबाट फागु हुने दिन ४ भन्ज्याङ्भित्रकालाई र अरूलाई फागुपूर्णिमा दिन एक | — — | —१ |

## अड्डा तातिल नहुने पर्व बिदा

| | | |
|---|---|---|
| गाईयात्रा, इन्द्रयात्रा, घोडेयात्रामध्ये काठमाडौंतर्फ दिन २ बिदा र ठाउँठाउँमा त्यस्तै लोकयात्राको बिदा दिन २ दुइ | — | —२ |
| स्त्रीदातिलाई हरितालिका अथवा छठको दिन एक | — | —१ |

## क्याजुयल ( लिभ ) बिदा

बर्ष १ मा क्याजुयल लिभ १० दिन पाउँछ। सो बिदा बर्ष दिनभित्रमा जति दिनको पटक गरी लिए पनि हुन्छ। बर्ष दिन नाघेपछि। सो बाँकी बिदा पाउँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भै परी आउने बिदा

आफूलाई जन्माउने आमा बाबु र पुरुषजातिको आफ्नो स्त्री र स्त्रीजातिको आफ्नो पतिको क्रिया दिन पन्ध्र—१५ अरूको क्रिया गर्नुपरेमा घरबिदा वा भै परी आउने बिदा (क्याजुयलिभ) बिदाबाट कट्टा गर्ने गरी पाउँछ ।

स्त्रीजातिले गर्भवती भएमा अघिपछि गरी १ महिना २० दिन सूतिकाबिदा पाउँछे । सो पाएको वर्ष घरबिदा र क्याजुयल लिभ पाउँदैनन् ।

निजामती कर्मचारीहरू बिरामी भएमा बढीसे बढी वर्षदिनसम्म तलबी, र त्यसपछिलाई बेतलबी बिदा पाउँछन् ।

निजामती कर्मचारीहरूका आफूलाई जन्माउने बाबु आमा र पुरुषजातिको आफ्नी पत्नी, स्त्रीजातिको पति बेरामी भै बेरामी कुरुवा बस्नुपरेमा १५ दिनसम्म तलबी र त्यसपछिलाई बेतलबी कुरुवा बिदा पाउँछ ।

कलेज, स्कूल, पाठशाला गोश्वाराको साबिक २४ नं. को सवाल खारिज गरी सोही २४ नं. को सवाल ——————————

माष्टर, पण्डित, प्रोफेसर, प्रिन्सिपल, मौलवी कालेज स्कूलको लाईब्रेरियन, विद्यार्थी लडलासमेतलाई अरू पर्व पर्वमा र भै परी आउनेमा देहायबमोजिम र वार्षिक परीक्षा भएपछि नेपाल पहाडकालाई हिउँद मीन पचासी महिना २ र मधेश तराईकालाई वर्षा महिना २ बिदा छाडिदिने गर्नु । घरबिदा पाउँदैन, नदिनु ।

श्री ५ महाराजाधिराजको जन्मोत्सवको दिन एक — — १

वैशाख संक्रान्ति दिन एक — — — — — १

बौद्धजयन्ती वैशाख शुदी पूर्णिमा दिन एक — — — — १
हरिशयनी एकादशी दिन एक — — — — — १
ऋषितर्पणी दिन एक — — — — — — १
कृष्णाष्टमी दिन एक — — — — — — १
बडादशैं प्रतिपदादेखि पूर्णिमातक दिन पन्ध्र — — — १५
तिहार लक्ष्मीपूजा, गोवर्धनपूजा, भाइपूजा दिन तीन — — — ३
हरिबोधनी एकादशी दिन एक — — — — — १
श्रीपञ्चमी दिन एक — — — — — — — १
प्रजातन्त्र दिवस (फाल्गुन ७ गते) का दिन एक — — — १
शिवरात्रि दिन एक — — — — — — १
चैत्रदशैं दिन एक — — — — — — १
रामनवमी दिन एक — — — — — — — १
सूर्यग्रहण दिन एक — — — — — — — १

## नागरीतर्फ स्कूल, पाठशाला, कालेजतर्फ

प्रतिपदा दिन एक — — — — — — — १
अष्टमी दिन एक — — — — — — — १
पूर्णिमा दिन आधा — — — — — — — ॥
आमावास्या दिन आधा — — — — — — ॥
गुरुपूर्णिमा दिन एक — — — — — — १

## अंग्रेजी स्कूल कालेजतर्फ

हरएक शनिश्चवार — — — — — — — —
हरएक शुक्रवार १ बजेउप्रान्त — — — — — —

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## कालेज, स्कूल, पाठशाला तातिल नहुने पर्वबिदा

गाईयात्रा, इन्द्रयात्रा, घोडेयात्रामध्ये काठमाडौंतर्फ दिन २ बिदा र ठाउँ ठाउँमा त्यस्तै लोकयात्राको बिदा दिन दुई — — २

स्त्रीजातिलाई हरितालिका अथवा छठको दिन एक — — १

## क्याजुयल लिभ

वर्ष १ मा क्याजुयल लिभ २० दिन पाउँछ। सो बिदा वर्ष दिनभित्रमा जति दिनको पटक गरी लिए पनि हुन्छ। वर्ष दिन नाघेपछि सो बाँकी बिदा पाउँदैन।

## भै परी आउने बिदा

आफूलाई जन्माउने आमा बाबु र पुरुषजातिको आफ्नी स्त्री र स्त्री-जातिको आफ्नो पतिको क्रिया दिन पन्ध्र — — — १५

अरूको क्रिया गर्नुपरेमा घरबिदा वा भै परी आउने बिदा (क्याजुयल लिभ) बिदाबाट कट्टा हुने गरी पाउँछ।

स्त्रीजातिले गर्भवती भएमा अघि पछि गरी १ महिना २० दिन सूतिका बिदा पाउँछन्, सो पाएको वर्ष क्याजुयल लिभ पाउँदैनन्।

पाठशाला, स्कूल, कलेजका कर्मचारीहरू बिरामी भएमा बढीसे बढी वर्ष दिनसम्म तलबी र त्यसपछिलाई बेतलबी बिदा पाउँछन्।

पाठशाला, स्कूल, कलेजका कर्मचारीहरूका आफूलाई जन्माउने बाबु आमा र पुरुषजातिको आफ्नी पत्नी, स्त्रीजातिको पति बेरामी भै बेरामी कुरुवा बस्नुपरेमा वर्ष १ मा १५ दिनसम्म तलबी र त्यसपछिलाई बेतलबी बिदा पाउँछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कालेजस्कूल पाठशाला सम्बन्धित अड्डाहरूलाई अरू अड्डासरह नै बिदा हुन्छ।

मुलुकी सवाल हाजिर बिदाबारेको साबिक १ दफा खारिज गरी सोही १ दफा —

सदर मोफसलका निजामतीतर्फका कर्मचारीहरूले वर्ष दिनमित्र ७ दिनभन्दा बढी गैर नभएका जवानले सो सालको ३० दिन घरबिदा पाउँछ। सो बिदा लिंदा भर्ना भएका पहिला सालमा वर्ष दिन नपुगेमा वर्ष दिनका दामासाहीले पाउनुपर्ने घरबिदा पाउँछ। त्यसपछिका साल सालको भने वैशाख १ गतेदेखि चैत्र मसान्तसम्मको लिनुपर्छ। सो घरबिदा साल सालको खपट्याई लिनेले ४ वर्षसम्मको खपट्याई लिन पाउँछ। सो घरबिदा नलिई बाँकी रहेको भए बाँकी रहेको घरबिदाबाट पेन्सन पाउने टायममा पेन्सनको टायम माथि सार्न वा बोनस लिन पाउनेछ — — — १

माथि दफा दफामा लेखिएबमोजिम साल १ को ३० दिन घरबिदा २००८ सालदेखिको घरबिदा लिन बाँकी हुनेले पनि पाउनेछन् — १ (क)

अरउपरान्त आफ्ना अड्डाका कर्मचारीहरूले घरबिदा लिए नलिएको हरएक अड्डाले रिकर्ड तयार गरी राख्नुपर्छ। कर्मचारीहरू सरुवा चेन्ज भएमा सरुवा चेन्ज भएका अड्डा अड्डालाई सरुवा चेन्जसाथै सरुवा चेन्ज भएका मानिसको घरबिदा लिएको रिकर्ड लेखी पठाइदिनुपर्छ। हाकिम हाल साबिक हुँदा अरू कागजपत्रसह सो रिकर्डको बर बुझारथसमेत गर्नुपर्छ— १ (ख)

मुलुकी सवाल हाजिर बिदाबारेको साबिक १० दफाको देहाय १ दफा खारिज गरी सोही १ दफाको देहाय १ दफा — — — —

सदर मोफसल समेतका अड्डाको टायममा हाजिर गर्दा यो यो टायममा हाजिर गर्ने छाड्ने भन्ने सनद सवाल आडर भैरहेको अड्डाजतिले सोही बमोजिम र सोबाहेक गैन्ह

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अड्डाकालाई बिहान ११ बजे हाजिर गरी फाल्गुन १ गतेदेखि कार्तिक मसान्ततक ९ महिना बेलुकी ५ बजे छाड्ने, मार्ग १ गतेदेखि माघ मसान्ततक ३ महिना बेलुकी ४ बजे छाड्ने, बडादशै द्वितीयादेखि षष्ठीसम्मका हकमा बिहान १२ बजे हाजिर गरी बेलुकी ५ बजे छाड्ने गर्नू। कुनैको केही कारण परी हाजिर हुनुपर्ने टायम नाघी आयो भने कारण विचार गरी मनासीव ठहरेमा १५ मिनेटसम्म पछि आए पनि हाजिर गर्न हुन्छ।

## मुलुकी सवाल हाजिर बिदाबारेको १८ दफा

पेस्कीबिदा नपाउने कसैले पेस्कीबिदा मागेमा मौका र सन्धिसर्पन हेरी बेतलबी बिदासम्म दिने गर्नू.— — — —१८

## मुलुकी सवाल हाजिर बिदाबारेको १९ दफा

रेल, पोष्ट आफिस, ट्रली, रोप, अस्पताल, टेलिफोन, फायर ब्रिगेड, बिजुली इत्यादि हररोज काम गरी रहनुपर्नेहरूले अरू अड्डासरह घरबिदा, भै परी आउने बिदा पाउँछन्। चाडपर्व शनिश्चरवार इत्यादि जुनसुकै बिदामा पनि काम नरोकिने गरी आलोपालो मिलाई अफिस इत्यादि बन्द नगरी काम चलाउनू। सो बिदाको दिन काम गरेबापत बिदामा काम गर्नेहरूलाई अर्को महिनासम्ममा सट्टा बिदा दिने गर्नू-- —१९
कालेज स्कूल पाठशाला गोस्वाराको ४७ नं. को सवाल खारिज गरिएको छ।
मुलुकी सवाल हाजिर बिदाबारेको १३ दफाको सवाल खारिज गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१ खण्ड, ०८।६।८, संख्या ८, भाग १ को गजेटमा गृहमन्त्रालयबाट प्रकाशित भएको मुलुकी सवाल हाजिर बिदाबारेको सूचना खारिज गरिएको छ ।

१ खण्ड, ०८।६।१५, संख्या ६, भाग १ को गजेटमा गृहमन्त्रालयबाट प्रकाशित बिदाको सूचना खारिज गरिएको छ।

१ खण्ड, २००८।५।२५, संख्या ६, भाग १ को गजेटमा गृहविभागबाट प्रकाशित भएको सूचनाको बिदाविषयको (क) दफा खारिज गरिएको छ ।

६।६।१३ को राज्यव्यवस्था—विभागको यो यो टायममा हाजिर गर्न छाड्ने भन्ने सूचना खारिज गरिएको छ।

अबउप्रान्त हाजिर बिदाबारेको सवालमा थपघट खारिज गर्नुपरेमा लालमोहर सदर गराइरहनुपर्दैन । मन्त्रिमण्डलबाटै थपघट खारिजसमेत गर्ने गर्नू ।

इति संवत् २०१० साल गते रोज शुभम———

सदर मिति २०१०।१२।६।२

आज्ञाले—

तिलकशमशेर थापा

सेक्रेटरी—कानून तथा संसदीय मन्त्रालय

---

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।